# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्या :

च. नं. : ३३१

मिति : २०७१/११/११

विषय:
सामुदायिक क्याम्पसहरुलाई आ.ब. ०७१/७२ को नियमित अनुदान वितरण सम्बन्धी निर्णयको सुचना ।

यस आयोगद्धारा आ.ब. ०७१/७२ को लागि विभिन्न विश्वविद्यालयसँग सम्बन्धन लिई सामुदायिक रुपले सञ्चालित क्याम्पसहरुलाई नियमित अनुदान वितरण गर्न मिति २०७१/०८/२१ गते सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तथ्याँक विवरण साथै अन्य आवश्यक कागजात पेश गरी नियमित अनुदानको लागि निवेदन दिएका क्याम्पसहरुको अनुदान वितरण गर्नका लागि विश्वविद्यालय अनुदान आयोगको मिति २०७१/१०/२२ मा बसेको वैठकको निर्णय नं ९३४ मा निर्धारण गरिएका अनुदान वितरणका आधारहरु, अनुदान वितरणको लागि आयोगमा भएको बजेटको व्यवस्था र आवेदन पत्रसाथ पेश गरिएका शैक्षिक तथा आर्थिक विवरणहरुको मूल्यांकन पश्चात अनुसुची - १ मा उल्लेख भए अनुसार अनुदान निर्धारण गरिएको छ। काठमाडौं उपत्यका बाहिरका क्याम्पसहरुका हकमा क्याम्पसले यस आयोगमा उपलब्ध गराएको रा.वा. बैंकको खातामा ABBS सुविधा मार्फत अनुदान जम्मा हुने र काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले निर्धारित रकम वापतको अनुदान यस आयोगबाट चेक मार्फत प्राप्त गर्न सक्ने जानकारी गराइन्छ।

.........................
भोलानाथ पोखरेल
सदस्य सचिव

संलग्न:
१. आ.ब. ०७१/७२ मा दिइने नियमित अनुदान प्राप्त गर्ने क्याम्पस र रकम ।
२. आयोगको निर्णय नं ९३४ मा निर्धारण गरिएका नियमित अनुदान वितरणका आधारहरु ।

सानोठिमी, भक्तपुर, फोन : ६६३८५४८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्स : ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६, काठमाडौं, नेपाल
ईमेल : ugc@ugcnepal.edu.np, Website : www.ugcnepal.edu.np